# यसको साथ दौड्नुहोस्

एक पृष्ठ

## अन्तिम लक्ष्य के हो?

संसारको लागि येशूको हृदय! हामीले कुनै पनि कुरा पूरा गर्ने (तेलोस्) सोच सहित सुरू गर्नुपर्छ। पृथ्वीमा हुँदा, येशूले आफ्ना चेलाहरूलाई महान कामहरू गर्न र पवित्र आत्माद्वारा सबै जातिहरूलाई चेला बनाउने आफ्नो कार्य पूरा गर्न (तेलोस्) शक्ति दिनुभयो (प्रेरित १:८)। परमेश्वरले योएलः २:२८–२९ मा यो वास्तविकताको प्रतिज्ञा गर्नुभयो।

**मुख्य शब्द**

**τέλος**

टेलोस् *telos* = अन्तिम लक्ष्य, गन्तव्य, अन्तिम

"त्यसपछि म मेरा आत्मा सबै मानिसमाथि खन्याउनेछु। तिमीहरूका छोराछोरीहरूले अगमवाणी बोल्नेछन्। तिमीहरूका बुढा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका युवकहरूले दर्शन देख्नेछन्। ती दिनमा मेरा सेवकहरू पुरुष र स्त्रीहरू दुवैमाथि म आफ्ना आत्मा खन्याउनेछु।"

## तपाईं एक पेडलले पनि बाइक चलाउन सक्नुहुन्छ, तर अवश्य दुई पेडलले अझ सजिलो हुन्छ!

"पाँच परिवार"ले पुरुष/स्त्रीहरूले कसरी सम्बन्ध राख्न सक्छन् भन्ने कुरा बुझ्नको लागि एक रुपरेखा प्रस्ताव गर्दछ।

**आदर्श परिवार—** सुरुमा परमेश्वरले आफ्नो सिद्र योजना प्रकट गर्नुभयो। एक पुरुष र एक स्त्री, संग—संगै, काँधमा काँध जोडेको। दुवै पवित्र, पापरहित, आदरणीय, र पृथ्वीभरी फैलन्दै जाने र त्यसलाई शासन गर्ने स्पष्ट जनादेशको साथ आशिष् पाएको।

**पतित् परिवार—** परमेश्वरको शत्रु जसले पहिलो पुरुष र महिलालाई छलपूर्वक आक्रमण गऱ्यो। पापले संसारमा प्रवेश गऱ्यो र रोग, दमन, लाज, डर र मृत्यु ल्यायो। हरेक संस्कृति र हरेक व्यक्ति अहिले पतित संसारको बोझमा लडिरहेका छन्। पतनले पुरुष र स्त्री बीचको आपसी साझेदारीको लागि परमेश्वरको सुन्दर योजनालाई चकनाचूर पाऱ्यो।

**उद्धार गरिएको परिवार—** येशूको मृत्यु र पुनरुत्थानले सबै पुरुष र महिलाहरूमा जीवन र आशा ल्याउँछ। क्षमा पाएका मानिसहरू सामान्य, सांस्कृतिक अपेक्षाहरू भन्दा बाहिर र माथि रहेर बाँच्न सक्छन्। ख्रीष्टमा, पुरुष र महिलाले फेरि परमेश्वरको राज्यको सङ्गी–नागरिक र पवित्र आत्माद्वारा वरदान पाएका सह–समान अत्तराधिकारीको रूपमा नेतृत्व गर्न एक र अर्कालाई प्रेम गर्न सक्छन्।

**बृद्धिभएको परिवार—** हामी केवल आशिष् र वरदान प्राप्त गर्न सन्तुष्ट छैनौं! येशूको चेलाहरू अरू जातिहरूका लागि आशिष् हुनुपर्दछ। येशूले आफ्ना चेलाहरूलाई अरू चेलाहरू बनाउन, पृथ्वीको हरेक कुनासम्म भरिन्दै जान र मानवता फैलाउन मद्दत गर्न निर्देशन दिनुभयो!

**अनन्तताको परिवार—** परमेश्वरको मौलिक अभिप्राय अनन्तकालमा महसुस गरिनेछ र त्यो साकार भएकोमा उत्सव मनाइनेछ। त्यो पवित्र, सम्मानजनक सम्बन्धहरू।

## परमेश्वरको चरित्र नै अन्तिम आधार हो।

**परमेश्वरीय वर्गिकरणले यस अध्ययनलाई मार्गदर्शन गर्दछ।**

**परमेश्वरको चरित्र—** सबै कुरा अन्ततः (टेलोस) परमेश्वरको स्वभाव र चरित्रमा आउँछ। अर्को कुनै आधार टिक्दैन। परमेश्वरको पवित्र मापदण्ड अनुरुप हुने हरेक कार्य, विश्वास र उद्देश्य मात्र बाँकी रहन्छ। अरु सबै हराएर जानेछ।

**परमेश्वरको राज्य—** परमेश्वरको राज्य येशूको पहिलो र मुख्य सन्देश थियो। परमेश्वरको राज्य र शासनले जीवनको हरेक क्षेत्रमा परमेश्वरको चरित्रलाई प्रदर्शित गर्दछ। संसार का राज्यहरू बितेर जानेछन् तर परमेश्वरको राज्य सधैंभरि रहनेछ।

**परमेश्वरको मिशन—** सबै मानिसहरूले उहाँलाई व्यक्तिगतरूपमा चिनून् र महिमामा उहाँको आराधना गरोस् भन्ने परमेश्वर चाहनुहुन्छ। सुसमाचार नपुगेका असंख्या जाति समूहहरू येशूको नामको पहुँचभन्दा बाहिर छन्। सबै मानिसहरूलाई येशूको सुसमाचारको खाँचो छ।

**परमेश्वरका कामदारहरू—** परमेश्वरको राज्य प्रदर्शन गर्ने परमेश्वरको मिशन पूरा गर्न, ती **सबै** परमेश्वरका कामदारहरूको खाँचो छ। यो स्रोतले सबै मानिसहरू, विशेष गरी सुसमाचार कम पुगेका मानिसहरूलाई सुसमाचार सुनाउनको लागि परमेश्वरका खेतालाहरूलाई तयार पार्न र बृद्धि गर्न खोज्छ।

## ठोस आधारहरू

सम्पूर्ण बाइबल आधिकारिक छ र शिक्षा र सुधारको लागि उपयोगी छ। हामीले पुरुष/स्त्री बीचको सम्बन्धलाई उहाँको वचनमा पाइने परमेश्वरको चरित्र र राज्यको प्रकाशमा बुझ्नुपर्छ। अधिकारको चाहना (महिला) वा पदको रक्षा (पुरुष) सही सुरुवात वा समाप्ती बिन्दु (टेलोस्) होइन। परमेश्वरको विश्वव्यापी मिशनको समापन(टेलोस)ले उहाँको चरित्र, राज्य र मिशनलाई प्रतिबिम्बित गर्ने कामदारहरूलाई कसरी संख्यामा बृद्धि गर्ने र पठाउने भनेर पत्ता लगाउन हामीलाई बाध्य तुल्याउनुपर्छ।

## निष्कर्ष

अन्तमा (टेलोस्), हामी प्रार्थना गर्दछौं कि तपाईंको हृदयको आँखा उज्यालो होस्, र परमेश्वरको मिशा पूरा होस् (टेलोस्)!

**४ महत्वपूर्ण प्रश्नहरू**

⇒ यसले हामीलाई **परमेश्वर**को चरित्रको बारेमा के सिकाउँदछ?

⇒ यसले हामीलाई **मानिस**को बारेमा के सिकाउँदछ?

⇒ हामीले **पालन** गर्नुपर्ने कुरा के छ?

⇒ हामीले यस विषयमा कसलाई **भन्ने**?

www.servingshouldertoshoulder.com